# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सिद्धलेक गाउँपालिका

### धादिङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सिद्धलेक गाउँपालिका

### धादिङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सिद्धलेक गाउँपालिका

### धादिङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।०७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले

लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश**

पत्र संख्याः २०७९।०८०
च.नं. १३८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,
सिद्धलेक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
धादिङ्ग ।

**कैफियत सहितको राय**

हामीले सिद्धलेक गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू १ करोड ९६ लाख ३५ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ९ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४१ लाख ८ हजार, नियमित गर्नुपर्ने रु ३६ लाख १४ हजार र पेश्की रू. ९ लाख ८९ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु १३ करोड ६९ लाख ९९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १५ करोड ६६ लाख ३४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी )

नायब महालेखापरीक्षक

सिद्धलेक गाउँपालिका धादिङ्ग

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४९ | ७२ | १९६३५ | ० | ० | ० | ४९ | ७२ | १९६३५ | ९२४ | ३६१४ | १४१०८ | ० | ० | १७७२१ | ९८९ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिद्धलेक गापा धादिङ्ग | १३६९९९ | ० | ० | १३६९९९ | ० | १९६३५ | १५६६३४ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सिद्धलेक गाउँपालिका, धादिंग , सिद्धलेक गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Nanda Lal Sharma | २०७७-९-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Udgam Timilsina | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १९,६३४,८८७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९,०४,९८,००० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,२७,२२,००० | **चालु खर्च** | २७,५८,४७,००० |
| **प्रदेश सरकारबाट अनुदान** | ६,३२,३३,००० | **पूँजीगत खर्च** | २७,५८,४७,००० |
| **राजश्व बाँडफाँट** | ४४,४२,०३,००० | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ९,५५,४५,००० | | |
| **अन्य आय** | २७,८०,८९,००० | | |
| **कुल आय** | १,२५,३७,९२,००० | **कुल खर्च** | ५५,१६,९४,००० |
| **बाँकी मौज्दात** | | ७९,२५,९७,००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>
सिद्धलेक गाउँपालिका<br>
लेखापरीक्षण प्रतिवेदन<br>
२०७८।७९<br>
स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, १०६.३६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१ हजार ३९५ जनसंख्या रहेको छ ।
</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>
स्थानीय सञ्चित कोष स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ । (रु. हजारमा)
<table>
<tr><th colspan="5">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="2">यस वर्ष रु.</th><th>गतवर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>प्राप्ति/भुक्तानी</th><th>प्राप्ति/भुक्तानी</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>६२४२५७</td><td>५९७७०७</td><td>३६६०१४</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>५९०५४४</td><td>५५०५१५</td><td>३१८१३१</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>८८७६८</td><td>९५५४५</td><td>७८२४१</td></tr>
</table>
</td><td>•</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १३००० अनुदान | | ४७३७२७ | ४४४२०३ | २२३३३५ |
| संघीय सरकार | १२ | ४००१८४ | ३७२७२२ | २०४३८१ |
| प्रदेश सरकार | १२ | ६३२३३ | ६३२३३ | १८९५४ |
| जनसहभागिता | | १०३१० | ८२४८ | ० |
| १४००० अन्य राजस्व | | २८०५० | १०७६८ | १६५५५ |
| ख. अन्य प्राप्ति | | ३३७१३ | ४७१९२ | ४७८८३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० |
| कोषहरु | | ३३७१३ | ३८६४२ | ३७११२ |
| धरौटी | | ० | ८५५० | १०७७० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७०४०२८ | ५५१६९३ | ४८४८३१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६७०३१६ | ५१८१४७ | ४६१५२१ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १३९९२२ | १२७७६२ | १५७९६७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९२९४६ | ६१६२७ | ७८८८२ |
| २५००० सहायता (Subsidy) | १८ | ७५६५९ | ६८३४४ | ३२५७५ |
| २६००० अनुदान | १८ | ० | ० | ४४६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | १९५९९ | १३४१० | ९४९ |
| २८००० अन्य खर्च | १८ | १७८८२ | ६४३९ | १५६९ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३२४३१७ | २४०५६४ | १८६११६ |
| घ. अन्य भूक्तानी | | ३३७१३ | ३३५४६ | २२३१० |
| कोषहरु | | ३३७१३ | २९१७९ | १५३४४ |
| धरौटी | | ० | ४८८७ | ६९६६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | ५२० | |
| ङ. यो वर्षको बचत (न्युन) | | ७९७७२ | ४६०१४ | ११८८१८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९०४९८ | ३५४१२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ७९७७२ | १३६५१३ | ८३४०५ |
| बैंक तथा नगद बाकी | २४ | | १३६५१३ | १२७०८९ |

गाँउपालिकाले पेश गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरु निम्नानुसार रहेका छन्: (रु हजारमा)

| क सं | विवरण | प्राप्ति तथा भुक्तानी |
|---|---|---|
| १ | सामाजिक सुरक्षा संरक्षण | ११३४३९८६० |
| २ | गरिवसंग विश्वेश्वर कार्यक्रम | १३५००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>भौतिक पुर्वाधार विकास मन्त्रालय</td><td>२४५८६७०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११६०३३५३०</td></tr>
</table>
<ul>
<li>म.ले.प.फा.न. २७२ अनुसारको वित्तीय प्रतिवेदनमा शुरु मौज्दात रु. ९,०४,९८ हजार, आम्दानी रु. ५९,७७,०७ हजार तथा खर्च र खर्च रु. ५५,१६,९६ हजार पछि मौज्दात बाँकी रु. १३,६५,१३ हजार देखाएकोमा कुल आम्दानीको जोडजम्मा रु. १,२५,३७,९२ हजार लेखाङ्कन हुनुपर्नेमा फरक आम्पदानी लेखाङ्कन भएकोले अन्तिम मौज्दात रु. ७९,२५,९७ लेखाङ्कन हुनुपर्नेमा रु. १३,६५,१३ मात्र लेखाङ्कन भएको छ । अन्तिम मौज्दात रु. ६५,६०,८४ हजार न्यून लेखाङ्कन भएको सम्वन्धमा यकिन गरी हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।</li>
<li>आर्थिक वर्ष ०७८।७९ को महालेखापरीक्षकको प्रतिवेदनमा बैंक मौज्दात बांकी रु. १२,८४,६१,०६४.०० देखाएकोमा यस वर्षको प्राप्ति भुक्तानी हिसावमा रु. ९,०४,९८,०००.०० देखाएकोले फरक रु. ३,७९,६३,०६४.०० का सम्वन्धमा हिसाव मिलान गरी प्राप्ति भुक्तानी हिसाव यथार्थ बनाउनुपर्ने देखिन्छ ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको सीमा उल्लेखित आर्थिक कारोवारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) काे सूचना प्रविधिमा आधारित स्वीकृत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br><br>लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन्:</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **सम्पत्ति उपयोग र संरक्षण :** सम्पत्ति उपयोग र संरक्षणका सम्वन्धमा आन्तरिक नियन्त्रण प्रणालीको अध्ययनबाट देखिएका व्यहोरा देहायमा उल्लेख छ । | |
| ४.१ | | | पालिका अन्सतर्गत हस्तान्तरण भई आएको र पालिकाले हस्तान्तरण गरी वडा तथा विभिन्न निकायलाई प्रदान गरेको सम्पत्ती हस्तान्तरण सहितको अभिलेख कायम गर्नुपर्ने व्यवस्था छ । सम्पत्ती हस्तान्तरण सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छ ।<br><br>• साविक गाउँ विकास समितिको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गरेको छैन ।<br>• साविकका संघीय विषयगत कार्यालयको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक भएको छैन ।<br>• साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरेको देखिएन । | |
| ४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । | |
| ४.३ | | | सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगका सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छ ।<br><br>• सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख अद्यावधिक गरेको देखिएन ।<br>• सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गरेको देखिएन ।<br>• संरक्षण र उपयोग नीति तथा मापदण्डको पालना भएको सम्वन्धि अभिलेख कायम गरेको देखिएन ।<br>• संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.४ | | | जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br>म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको सम्वन्धमा परीक्षण गर्दा लगबुक राखेको देखिएन ।<br>म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राख्नुपर्नेमा राखेको पाइएन । स्थानीय तह भित्रका सरकारी, एलानी तथा प्रति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत नगरेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश म.ले.प.फारम नं ४१४ स्वीकृत गराई र मर्मत अभिलेख म.ले.प.फारम नं ४१५ मर्मत गराई खर्च लेख्नु पर्नेमा पर्याप्त प्रमाण कागजात कायम गरेको पाइएन । | |
| ४.५ | | | सरकारी सम्पत्तिको अभिलेख व्यवस्थित गर्न लागु भएको सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा पालिकाको सवै सम्पत्तिको विवरण अद्यावधिक गरेको देखिएन । एकिकृत जिन्सी नराखी शाखागत तथा वडागत जिन्सी अभिलेख कायम गरेकोमा वडामा गत विगत देखिनै रहेको जिन्सी सामानको अभिलेख अद्यावधिक हुनेगरी व्यवस्थित गरेको देखिएन । सम्पत्ती व्यवस्थापन प्रणाली प्रभावकारी बनाउनु पर्दछ । | |
| ५ | | | **सभा सञ्चालन :** सार्वजनिक निकायले चालू प्रकृतिको खर्चलाई मितव्ययी तवरले खर्च गरि पूँजिगत खर्चमा बढवा दिनुपर्ने व्यवस्था रहेकोमा पालिकले यस वर्ष सभा संचालन गर्नको लागि रु ६ लाख रुपैयाँ विनियोजन गरिएकोमा कुल रु ५ लाख ५९ हजार ३ सय ५५ रुपैयाँ खर्च भएको छ । चालू प्रकृतिको खर्चमा मितव्ययी कायम गर्नुपर्दछ । | |
| ६ | | | **दरवन्दी र पदपूर्ति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफ ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारि समायोजन भए पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले पेश गरेको स्वीकृत दरबन्दी चार्ट अनुसार प्रमुख प्रशासकीय अधिकृत समेत कुल दरबन्दी संख्या ५८ जना रहेकोमा २८ जना स्थायी र दरबन्दि भित्र करारमा १६ जना दरबन्दी बहिर करार १७ जना गरि कुल ६० जना पदपुर्ति भएको देखिन्छ । स्थायी दरबन्दि तर्फ १७ जना कर्मचारी रिक्त रहेको देखियो । जसमध्ये प्राविधिक तर्फ ११ जना पद रिक्त रहेको देखियो । जसले गर्दा गाउँपालिकाको सेवा प्रवाहमा असर पार्ने देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **सल्लाहकार सुविधा :** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधनमा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसै गरि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ती गर्न नहुने उल्लेख गरिएको छ । तर सल्लाहकारको रुपमा रा.प.अनं. प्रथम स्तर तलब भत्ता र महङ्गी भत्ता भुक्तानी हुने गरि नियुक्ती गरि मासिक रु ३०२०० का दरले कार्यालयले खर्च लेखेको छ । आगामी दिनमा कार्यालयले बागमति प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐनको पालन गरि यस्तो प्रकृतिको खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ८ | | | **अन्य सहायता :** स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । पालिकाले यस वर्ष अन्य सहायता खर्च शीर्षकबाट ६ करोड ८३ लाख ४४ हजार २ सय ४२ रुपैयाँ खर्च गरेको देखियो । आर्थिक सहायता सम्बन्धी कार्यविधि तयार गरी यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ९ | | | **विविध खर्च :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रहि औचित्याको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आ.व. मा विविध खर्चमा ४४ लाख ९० बजेट बिनियोजन गरेकोमा ४० लाख ५४ हजार ४ सय ९४ रुपैयाँ ११ पैसा खर्च भएको देखिन्छ । आन्तरिक आय न्यून रहेको पालिकामा विविध तथा अन्य फजुल खर्च जस्ता विषयमा खर्च मितव्ययी गराउनुपर्दछ । | |
| १० | | | **कल्याण कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ (१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी नीजको सेवा, शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९१(२) अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीहरुले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत कट्टा गरि सो रकम बराबर हुन आउने रकम थप गरि जम्मा गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारि कल्याण कोषमा रु १० लाख बजेट बिनियोजन गरेको भएता पनि केहि काम नभएको हुँदा आगामी दिनमा उपदान कोष संचालन कार्यविधि बनाई यसलाई चलायमान बनाउनुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>न्यायिक समिति : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । न्यायिक समितबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादनको अवस्था देहाय बमोजिम रहेको देखियो ।<br>
<table>
<tr><th>अल्या</th><th>यस वर्ष थप</th><th>जम्मा</th><th>फछ्यौंट संख्या</th><th>माथिल्लो निकायमा रिफर</th><th>मैज्दात</th></tr>
<tr><td>२</td><td>९</td><td>११</td><td>७</td><td>0</td><td>४</td></tr>
</table>
उजुरी दर्ता किताब अध्यायन गर्दा वर्षान्तको अन्यमा धेरै उजुरी परेकोले समयमा नै फछ्यौंट भएको देखिएन । अतः मौज्दात रहेको न्यायिक निवेदन समयमै फछ्यौंट गरि न्यायिक सम्पादन छिटो, छरितो र प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>पञ्जिकरण अभिलेख : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (च) स्थानीय तहले स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क लगायतको सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था अनुसार यस गाउँपालिकाले यस आ व मा पंजिकरण सम्बन्धी सेवा प्रवाहको विवरण तपशिल बमोजिमको देखियो ।<br>
<table>
<tr><th>वडा नं/शीर्षक</th><th>जन्मदर्ता</th><th>विवाहदर्ता</th><th>सम्बन्ध विच्छेद</th><th>बसाईसराई</th><th>मृत्युदर्ता</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>१०१</td><td>४५</td><td>६</td><td>१५</td><td>२२</td><td>१८९</td></tr>
<tr><td>२</td><td>१२२</td><td>५४</td><td>३</td><td>१३</td><td>३५</td><td>२२७</td></tr>
<tr><td>३</td><td>१०१</td><td>५७</td><td>१</td><td>४</td><td>२९</td><td>१९२</td></tr>
<tr><td>४</td><td>१०६</td><td>४८</td><td>१</td><td>३</td><td>२५</td><td>१८३</td></tr>
<tr><td>५</td><td>११९</td><td>६७</td><td>१</td><td>५</td><td>२९</td><td>२२१</td></tr>
<tr><td>६</td><td>११५</td><td>५०</td><td>३</td><td>१०</td><td>२८</td><td>२०६</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>७</td><td>१२८</td><td>८२</td><td>५</td><td>७</td><td>३५</td><td>२५७</td></tr>
<tr><td>जम्मा</td><td>७९२</td><td>४०३</td><td>२०</td><td>५७</td><td>२०३</td><td>१४७५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण :</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायमा उल्लेख छ ।<br><ul><li>म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक व्यवस्थित गरी अद्यावधिक गरेको देखिएन ।</li><li>म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख सवारी साधनगत रुपमा राख्नुपर्नेमा राखेको देखिएन</li></ul>सवारीसाधन इन्धन तथा मर्मत अभिलेख व्यवस्थित गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणमा देखिएका व्यहोरा निम्नानुसार छन् :<br><ul><li>म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राख्नुपर्ने देखिएको,</li><li>म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राख्नुपर्ने देखिएको,</li><li>म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन संलग्न गरेर मात्र खर्च फरफारक गर्नुपर्ने देखिएको ।</li></ul></td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>ससाना बजेटका योजना : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामुलक, उत्पादन मुलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउदा मध्यम तथा दीर्घकालिन प्रकृतिको योजनाहरुको सूची समेत तयार गरि कार्यन्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले योजना छनोट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिको ठुला योजनाको छनौट नगरी स-साना</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | टुक्रे योजनामा ठुलो मात्रमा बजेट छुट्याएको छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरि ठुलो योजना छनौटलाई प्राथमिकताम राख्नुपर्दछ । यस वर्ष संचालन भएका कामका योजनाहरु देहायअनुसार छन । | |

| क.सं | विवरण | योजना संख्या |
| --- | --- | --- |
| १ | १ लाख सम्मको योजना | ९३ |
| २ | १ लाख देखी ५ लाख सम्म | १५९ |
| ३ | ५ लाख देखि २५ लाख सम्म | ३१ |
| ४ | २५ लाख देखी ५० लाख सम्म | ८ |
| ५ | ५० लाख भन्दा माथि | १२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १५ | | | **क्षेत्रगत बजेट र खर्च :** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासको लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने हुन्छ । पालिकाको आ.व. २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ । | |

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | प्रतिशत |
| --- | --- | --- | --- | --- |
| १ | आर्थिक विकास | ९४७०५०९९.४२ | ५५९०४८००.५७ | ५९.०३ |
| २ | सामाजिक विकास | ३०२२६०६०२.५९ | २५५८४४५७९.८३ | ८४.६४ |
| ३ | पूर्वाधार विकास | १८३४१३७५० | १३८०३५८८०.६९ | ७५.२६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३२११००० | २२६९५२७.९४ | ७०.६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ८६७२५४०० | ६६०९१७८० | ७६.२१ |
| कुल जम्म | | ६७०३१५८५२.०१ | ५१८१४६५६९.०३ | ७७.३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **त्रैमासिक प्रगति विवरण :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ (१) मा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस गाउँपालिकाको त्रैमसिक विवरण निम्नानुसार देखियो । | |

| सि.नं. | खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | |
|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक |
| १ | सबै | ५१८१४६५६९ | ७७२९७१०२ | १४६८११९२० | २९४०३८३४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कुल खर्च रकमको ५६ प्रतिशत रकम तेस्रो चौमासिकमा भएको दखियो । तसर्थ बर्षान्तको अन्त्यमा काम गराउदा कामको गुणस्तरमा असर पर्ने भएकोले बर्षान्त अघि नै समयमा नै कार्य सम्पन्न गरि खर्च गर्ने कार्यमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| १७ | | | **आन्तरिक नियन्त्रण ;** | |
| १७.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण १ गते देखी आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरि आय र व्ययको हिसाब राख्नुपर्ने एवं सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ । | |
| १७.२ | | | स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>वजेट व्यवस्थापनतर्फ : | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br>• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको तथा सम्वन्धित निकायमा पेश गरेकोप्रमाण उपलव्ध भएन।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचनातयार गरेको देखिएन ।<br>• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको सम्वन्धमा प्रमाण पेश हुन आएन ।<br>• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरी आगमी वर्षका लागि सुधारको मार्गचित्र तयार गरेको देखिएन ।<br><br>भ्रमण खर्च व्यवस्थापनतर्फ :<br><br>• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख खडा गरी व्यवस्थित गरेको देखिएन ।<br>• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिई प्रतिवेदनका व्यहोरा कार्यान्वयन गरेको देखिएन ।<br>• भ्रमण खर्च नियमावली,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग अवधिभरी फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ ।कर्मचारीलाई दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन । यस सम्वन्धमा कार्यालयबाटै छानविन गरी दैनिक भत्ता उपभोग गरेको अवधिको स्थानीय भत्ता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | असुल गर्नु पर्दछ । साथै दुर्गम भत्ताका सम्वन्धमा समेत प्रचलित कानुन तथा कार्यविधि पूर्ण रुपमा पालना गराउन पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।<br>• पालिकाको निर्णयबाट कर्मचारीको तहबृद्दि गरेको सम्वन्धमा निर्णय तथा सम्वन्धित फाइल पेश भएन । यसवाट तहबृद्दि सम्वन्धमा निर्णय गर्दा प्रचलित कानुन तथा कार्यविधि पालना गरे नगरेको सम्वन्धमा यकिन भएन ।<br><br>खरिद व्यवस्थापन तर्फ :<br><br>• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन ।<br>• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको सम्वन्धमा प्रमाण पेश गरेको छैन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत संभार दायित्व सहित अभिलेखिकरण गरेको देखिएन ।<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण अनिवार्य नगरेकोले योगदान प्रतिशतमा असमानता हुनुका साथै योजना निर्माणको वास्तविक अवस्था यकिन भएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी मार्तफतको कार्यमा गुणस्तर परीक्षण गरेको प्रमाण संलग्न गरेपनिउपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन ।<br>• उपभोक्ता समिति मार्फत गरेको सवै कार्यको अनुगमन गरेको पाइएन साथै अनुगमन गरेका कार्यमा समेत अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको देखिएन ।<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न भएको सम्वन्धमा यकिन हुने प्रणाली तयार गरेको देखिएन ।<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको अभिलेख गरी कार्यान्खेवयन अवस्थासंग आवद्द गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शिक्षातर्फ :<br><br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्दछ ।<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन ।<br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन ।<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको पाइएन ।<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन ।<br><br>विविध तर्फ :<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको पाएयो भने इ.टी.डि.एस. गर्ने गरेको देखिएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको पाइएन ।<br>• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी कायम गर्नु पर्दछ ।<br>• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको पाइएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन ।<br>• निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा शिक्षा नियमावली,२०५९ मा तलबी प्रतिवेदन पारित गरेर मात्रै तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले निजामती, स्वास्थ्य तथा शिक्षा सेवाका विभिन्न पदमा कार्यरत कर्मचारीको तलव भुक्तानी गर्दा तलवी प्रतिवेदन पारित गरेको देखिएन । यसबाट कर्मचारीको भत्ता एवं ग्रेड सुविधा यकिन हुन सकेन । अतः तलबी प्रतिवेदन पारित गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ। | |
| १७.३ | | | सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायमा उल्लेख छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक व्यवस्थित गरी अद्यावधिक गरेको देखिएन ।<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख सवारी साधनगत रुपमा राख्नुपर्नेमा राखेको देखिएन<br>सवारीसाधन इन्धन तथा मर्मत अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.४ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरि असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले मिति २०७८।०३।१० मा नीति तथा कार्यक्रम एवम् रु ६४ करोड २६ लाख ३१ हजार ८ सय ५२ रुपैयाँ १ पैसाको बजेट पेश भई २०७८।०३।२८ गते पारित भएको छ । सोहि ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था बमोजिम यस गाउँपालिकाले २०७८।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ । | |
| १७.५ | | | भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणमा देखिएका व्यहोरा निम्नानुसार छन् :<br>• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राख्नुपर्ने देखिएको,<br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राख्नुपर्ने देखिएको,<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन संलग्न गरेर मात्र खर्च फरफारक गर्नुपर्ने देखिएको । | |
| १७.६ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी आ.व.को नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, बिषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था रहेकामा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट संचालित योजना र गाउँपालिकाबाट संचालित योजना बीच दोहोरोपन आउन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरि योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा संचालन नगरि बजेट एकै ठाँउबाट संचालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक गर्ने कार्यमा कार्यालयले विशेष ध्यान दिन आवश्यक देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>अन्य निकाय खर्च : गाउँसभाबाट पारित बजेट तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्ने हुँदा अन्य निकायबाट भएका खर्चको बिल भुक्तानी गर्नुहुदैन । यो वर्ष गाउँपालिकाले देहायको गोश्वारा भौचर र मितिबाट देहायको कार्यालयहरुबाट खर्च गरि पठाएको बिलहरुको भुक्तानी गरेको छ । वाह्य निकायका लागि हुने खर्च नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।
<table>
<tr><th>गोश्वारा भौचर र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४३-२०७८।६।१५</td><td>नेपाल पूर्व प्रहरी संगठनको भवन मर्मत</td><td>५००००</td></tr>
<tr><td>५८-२०७८।६।२१</td><td>सर्वजित राउत विन (अस्थायी पोष्ट फुर्केखोला) -१००००,शिवराम घिमिरे ( अस्थायी प्रहरी पोष्ट बुङचुङ) —१०००० । र हरेन्द्र राउत कर्मी (प्रहरी चौकी सिद्धलेक) -१५००० का दरले विविध कार्यक्रम खर्च वापत</td><td>३५०००</td></tr>
<tr><td>१८२/०७८।९।२१</td><td>हरिचन्द्र भण्डारीलाई नेपाल क्रान्तिकारी ट्रेड युनियनलाई कार्यक्रम संचालन गर्न</td><td>१००००</td></tr>
<tr><td>३१७/०७८।१२।६</td><td>नेपाल आदिवासी जनजाति पत्रकार महासंघको कार्यक्रम</td><td>१५०००</td></tr>
<tr><td>३३७-०७८।१२।१६</td><td>अस्थायी प्रहरी चौकी फुर्केखोलाको पानी तथा बिजुली खर्च</td><td>१२०००</td></tr>
<tr><td>३३७-०७८।१२।१६</td><td>नलाङ प्रहरी चौकीको सवारी साधन मर्मत खर्च</td><td>७५५०</td></tr>
<tr><td>४०४-२०७९।०१।२२</td><td>अस्थायी प्रही पोष्ट (शिवराम घिमिरे) सवारी साधन मर्मत खर्च</td><td>७०००</td></tr>
<tr><td></td><td>जिल्ला प्रहरी कार्यालयको गाडी मर्मत</td><td>७५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>बैठक भत्ता : प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ को ३(ङ) बमोजिम प्रचलित कानून अनुसार बैठकमा अतिरिक्त विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढिमा तीन जना आमन्त्रित सदस्यका रुपमा राख्न सकिने व्यवस्था रहेकोमा यस पालिकामा गठन भएको विभिन्न समितिहरुको बैठकमा तीन जना भन्दा बढि आमान्त्रित बसि बैठक भत्ता बुझिलिएकोले नियमानुसार यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **विविध खर्च :** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को ६ (२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन तथा प्रशारण गर्न नपाउने व्यवस्था छ । सूचना तथा प्रशारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था भएता पनि पालिकाले विजय दशमी तथा शुभ दिपावाली तथा नयाँ जनप्रतिनिधिका लागि शुभकामना सन्देश प्रकाशन गरेको साथै शिक्षा शाखा अन्तर्गत विभिन्न मितिमा शिक्षक डायरि र क्यालेण्डर छपाई गरि खर्च लेखिएकोमा मापदण्डअनुरुप खर्च भएको देखिएन । मापदण्ड अनुसार नहुने खर्च नियन्त्रण गर्नुपर्दछ ।<br><br>यसैगरि गाउँ कार्यपालिकाबाट गाउँपालिकामा कार्यरत कर्मचारीलाई सवारी साधान प्रयोग गरे वापत मासिक १० लिटर र फिल्डमा खटिने कर्मचारीलाई आवश्यक्ता अनुसार प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा थप इन्धन उपलव्ध गराउने व्यवस्था गरेको छ । विभिन्न योजना तथा कार्यक्रमको अनुगमनमा सवारि साधान भाडामा भनि कर्मचारी र जनप्रतिनिधिले फरक फरक मितिमा रु. ५ लाख भन्दा बढिको भुक्तानी लिएकोमा पालिकालाई थप व्यायभार परेको देखिन्छ । यस्तो कार्यमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २१ | | | **दिवा खाजाः** दिवा खाजा कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को बुदा नं ७.१ मा विधार्थीका लागि दिवा खाजा प्राप्त भएका स्थानीय तहले कार्यान्वयन गर्दा सामुदायीक विद्यालयमा ECD कक्षा देखि ५ कक्षा सम्म अध्ययनरत बालवालिकालको लागि विद्यालयगत तथ्याँकको आधारमा प्रतिविद्यार्थी रु.१५ का दरले १८० दिनको लागि विद्यालयको खातामा निकासा दिनु पर्ने व्यवस्था छ । विद्यालय सञ्चालन भएको दिनलाई आधार मानि विद्यार्थीको प्रमाणित दैनिक हाजिर पुस्तिका संलग्न पश्चात थप निकासा दिनु पर्नेमा पालिकाले उल्लेखित विवरण संलग्न नगरी निकासा दिएको छ । निकासा रकमका सम्वन्धमा विद्यालय सञ्चालन अवधि सहितको प्रमाणित विद्यार्थी हाजिर पुस्तिका सहितको प्रमाण पेश हुन नआएको रु...<br><br>क सं. / विद्यालयको नाम / रकम<br>१ / मिन्दुका मावि / १२६०००<br>२ / सिद्देश्वर मावि / ७७४०० | २,६९७,४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ३ | नलाङ पात्ले मावि | १०९८०० | |
| | | | ४ | अमर आदर्श मावि | ९४५०० | |
| | | | ५ | सत्यवती आवि | २३३१०० | |
| | | | ६ | नालाङ मावि | १०९८०० | |
| | | | ७ | अकला देवो मावि | ४३२०० | |
| | | | ८ | पंचमुखी मावि | ६९३०० | |
| | | | ९ | कालिदेवी मावि | ५७६०० | |
| | | | १० | जलेश्वरी मावि | १४८५०० | |
| | | | ११ | बागबच्छला मावि | ८८२०० | |
| | | | १२ | सुन्दरी मावि | ६५७०० | |
| | | | १३ | महाँकाली मावि | १२२४०० | |
| | | | १४ | नालाङ आवि | ९०९०० | |
| | | | १५ | जाल्पादेवी आवि | ७०२०० | |
| | | | १६ | नागेश्वरी आवि | ९१८०० | |
| | | | १७ | जलेश्वरी आवि | ५२२०० | |
| | | | १८ | बलदेवी आवि | ५९४०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | १९ | शान्ति आवि | ५२२०० | |
| | | | २० | नयाँदेवी आवि | ५४००० | |
| | | | २१ | मालिका आवि | ७२९०० | |
| | | | २२ | जलदेवी आवि | ५६७०० | |
| | | | २३ | कम्पुर आवि | १०३५०० | |
| | | | २४ | अन्नपुर्ण आवि | ३६९०० | |
| | | | २५ | मनकामना आवि | ७३८०० | |
| | | | २६ | गोल्मारानी आवि | ७२९०० | |
| | | | २७ | समिटार आवि | ५७६०० | |
| | | | २८ | रेवती आवि | २५२०० | |
| | | | २९ | बलदेवी आवि | १४४०० | |
| | | | ३० | जन जागृति आवि | १८९०० | |
| | | | ३१ | कालिका देवी आवि | २६१०० | |
| | | | ३२ | महाँकाली आवि | ३०६०० | |
| | | | ३३ | सुर्योदय आवि | २८८०० | |
| | | | ३४ | बराह आवि | १९८०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| ३५ | चक्रमहाकाली आवि | २७९०० |
| ३६ | कालिका आवि | २४३०० |
| ३७ | कुन्यश्वरी आवि | ५६७०० |
| ३८ | कलिका आवि | २६१०० |
| ३९ | पञ्चकन्या आवि | ३१५०० |
| ४० | कालिका आवि | ९९०० |
| ४१ | अमृत आवि | १४४०० |
| ४२ | जन जागरण आवि | १९०० |
| ४३ | सरस्वती आवि | ८१०० |
| ४४ | चतुरा देवी आवि | १२६०० |
| ४५ | खडगदेवी आवि | ९००० |
| ४६ | वागभैरुङ आवि | ९९०० |
| ४७ | भुमेश्वर आवि | १०८०० |
| | जम्मा | २६९७४०० |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २१.१ | अकला देवो मावि | ४३,२०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१.२</td><td>अन्नपुर्ण आवि</td><td>३६,९००</td></tr>
<tr><td>२१.३</td><td>अमर आदर्श मावि</td><td>९४,५००</td></tr>
<tr><td>२१.४</td><td>अमृत आवि</td><td>१४,४००</td></tr>
<tr><td>२१.५</td><td>कम्पुर आवि</td><td>१,०३,५००</td></tr>
<tr><td>२१.६</td><td>कलिका आवि</td><td>२६,१००</td></tr>
<tr><td>२१.७</td><td>कालिका आवि</td><td>२४,३००</td></tr>
<tr><td>२१.८</td><td>कालिका आवि</td><td>९,९००</td></tr>
<tr><td>२१.९</td><td>कालिका देवी आवि</td><td>२६,१००</td></tr>
<tr><td>२१.१०</td><td>कालिदेवी मावि</td><td>५७,६००</td></tr>
<tr><td>२१.११</td><td>कुन्यश्वरी आवि</td><td>५६,७००</td></tr>
<tr><td>२१.१२</td><td>खडगदेवी आवि</td><td>९,०००</td></tr>
<tr><td>२१.१३</td><td>गोल्मारानी आवि</td><td>७२,९००</td></tr>
<tr><td>२१.१४</td><td>चक्रमहाकाली आवि</td><td>२७,९००</td></tr>
<tr><td>२१.१५</td><td>चतुरा देवी आवि</td><td>१२,६००</td></tr>
<tr><td>२१.१६</td><td>जन जागरण आवि</td><td>१,९००</td></tr>
<tr><td>२१.१७</td><td>जन जागृति आवि</td><td>१८,९००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | २१.१८ | जलदेवी आवि | ५६,७०० | |
| | | | २१.१९ | जलेश्वरी आवि | ५२,२०० | |
| | | | २१.२० | जलेश्वरी मावि | १,४८,५०० | |
| | | | २१.२१ | जाल्पादेवी आवि | ७०,२०० | |
| | | | २१.२२ | नयाँदेवी आवि | ५४,००० | |
| | | | २१.२३ | नलाङ पात्ले मावि | १,०९,८०० | |
| | | | २१.२४ | नागेश्वरी आवि | ९१,८०० | |
| | | | २१.२५ | नालाङ आवि | ९०,९०० | |
| | | | २१.२६ | नालाङ मावि | १,०९,८०० | |
| | | | २१.२७ | पंचमुखी मावि | ६९,३०० | |
| | | | २१.२८ | पञ्चकन्या आवि | ३१,५०० | |
| | | | २१.२९ | बराह आवि | १९,८०० | |
| | | | २१.३० | बलदेवी आवि | १४,४०० | |
| | | | २१.३१ | बलदेवी आवि | ५९,४०० | |
| | | | २१.३२ | बागबच्छला मावि | ८८,२०० | |
| | | | २१.३३ | भुमेश्वर आवि | १०,८०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१.३४</td><td>मनकामना आवि</td><td>७३,८००</td></tr>
<tr><td>२१.३५</td><td>महाँकाली आवि</td><td>३०,६००</td></tr>
<tr><td>२१.३६</td><td>महाँकाली मावि</td><td>१,२२,४००</td></tr>
<tr><td>२१.३७</td><td>मालिका आवि</td><td>७२,९००</td></tr>
<tr><td>२१.३८</td><td>मिन्दुका मावि</td><td>१,२६,०००</td></tr>
<tr><td>२१.३९</td><td>रेवती आवि</td><td>२५,२००</td></tr>
<tr><td>२१.४०</td><td>वागभैरुङ आवि</td><td>९,९००</td></tr>
<tr><td>२१.४१</td><td>शान्ति आवि</td><td>५२,२००</td></tr>
<tr><td>२१.४२</td><td>सत्यवती आवि</td><td>२,३३,१००</td></tr>
<tr><td>२१.४३</td><td>समिटार आवि</td><td>५७,६००</td></tr>
<tr><td>२१.४४</td><td>सरस्वती आवि</td><td>८,१००</td></tr>
<tr><td>२१.४५</td><td>सिद्देश्वर मावि</td><td>७७,४००</td></tr>
<tr><td>२१.४६</td><td>सुन्दरी मावि</td><td>६५,७००</td></tr>
<tr><td>२१.४७</td><td>सुर्योदय आवि</td><td>२८,८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td>२०७९-५-२२</td><td>शिक्षक अभिलेखः शिक्षा नियमावली, २०५९ मा शिक्षा सेवा आयोगबाट नियुक्त वा बढुवाको लागि सिफारिस भइ आएका शिक्षकलाइ नियुत्त गर्ने सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अध्यावधिक गरि राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले नियमावलीमा व्यवस्था भए बमोजिमको विद्यालयगत दरबन्दी,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | काज आएका काजमा गएका तथा सरुवा भइ आएका तथा गएका, सेवा निवृत भएका तथा विदामा रहेका साथै नयाँ नियुक्ति भएका शिक्षक सम्बन्धी विवरण आदिको अभिलेख व्यवस्थित रुपमा राखेको पाइएन । त्यस्तै विद्यालयगत शिक्षकको नामनामेसि सहितको अभिलेख अध्यावधिक नगरेको, स्थानीय तह सर्वजनिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न अनुगमन गरी प्रतिवेदन तयार नगरेके जस्ता कारण दोहोरो निकासा हुन सक्ने, दरवन्दी भन्दा बढी शिक्षकको तलब निकासा हुन सक्ने तथा शिक्षकको समग्र व्यवस्थापन गर्न कठिन हुने देखिएकोले नियमावलीको परिपालना गरि शिक्षक सम्बन्धी अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| २३ | | २०७९-५-२२ | **निकासाको अभिलेखः** गाँउपालिकामा शिक्षकको तलब भत्ता निकासा गर्नु पुर्व दरबन्दी अनुसार कार्यरत शिक्षकहरु एकिन गरि तलब भत्ता निकासा गर्नुपर्ने र मागफाराम सोही आधारमा रुजु गरी विधालयगत निकासा लेजर तयार गर्नुपर्नेमा निकासा अभिलेख तथा लेजर राखेको छैन । गाउँपालिकाले दरबन्दी विवरण, कार्यरत शिक्षक विवरण सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नु पर्दछ । | |
| २४ | | २०७९-५-२२ | **विधालयको लेखापरीक्षणः** गाउँपालिका मातहतका विद्यालयले समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने वयवस्था छ । गाउँपालिका अन्तर्गत ४७ सामुदायिक विद्यालय रहेकोमा आ.ब २०७८।७९ को लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकासा र अनुदान समेत समावेस गरी विद्यालयले वित्तिय विवरण तयार गरे नगरेको एकिन गर्नु पर्दछ । | |
| २५ | | | **समायोजन प्रमाण ;** मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को उपनियम १७ मा कुनै वस्तु वा सेवा आपूर्ती गर्दा नियमावलीको अनुसुची ५ र ५ (ख) बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यबस्था छ ।गो भौ नं ४६ बाट गजुरीछाप महिला सामुदायिक भवन उपभोक्ता समितिले भवन निर्माणका लागि निर्माण सामाग्री खरिद गर्दा सज्ञन सप्लायर्स सँग रु. २,७१,२८३.०० को सामान खरिद गरेकोमा विल अस्पष्ट रहेकोले उक्त रकमको मुल्य समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ । | २७१,२८३ |
| २६ | | | **आर्थिक सहायता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा विपद् सम्बन्धी कार्यको अनुगमन र नियमन स्थानीय तहको काम कर्तव्य र अधिकार अन्तर्गत पर्ने उल्लेख छ । यस्ता कार्यमा खर्च कार्यविधी बनाई सोही अनुरुप खर्च गर्नुपर्ने अशल अभ्यास रहेको छ।पालिकाले विपद व्यबस्थापनमा निवेदन तथा अध्यक्षको तोक आदेशको आधारमा रु. ५हजार देखी १ लाख सम्म विभिन्न व्यक्तिलाई भुक्तानी दिएको देखिन्छ । यस कार्यक्रम अन्तर्गत रु. ४० लाख खर्च | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेकोमा पटके निर्णय गरी खर्च गरेको पाइयो ।नियमानुसार खर्चको मापदण्ड तथा कार्यविधि बनाई खर्च पारदर्शी बनाउनुपर्दछ । | |
| २७ | | | **अन्य निकाय खर्च :** संघीय सरकार अन्तर्गतका निकायहरुको बजेट तथा कार्यक्रम संघीय सरकारबाट स्वीकृत भई निकासा हुने गर्दछ । पालिकाले जिल्ला प्रहरी कार्यालय धादिङ्गको बा २ झ को महेन्द्र स्कर्पियो गाडी मर्मत गरेवापत मिति २०७९।१।१९ मा गोश्वारा भौचर नं ४०१ बाट रु ७४६९५ भीमसेन अटो वर्क्सलाई भुक्तानी दिएको छ । जिल्ला प्रहरी कार्यालयको खर्च व्यवस्थापनको लागि संघीय सरकारबाट कार्यक्रम स्वीकृत भई बजेट निकासा हुने हुँदा संघीय कार्यालयको लागि कार्यपालिकाको निर्णय बमोजिम खर्च लेख्नु उपयुक्त देखिएन । यस्ता किसिमका अन्य निकायमा हुने खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ । | |
| २८ | | | **बाख्रा पाकेट :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्नेछ भन्ने व्यवस्था छ। पालिकाले मिति २०७९।३।२२ गो भौ नं १९४ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको साना किसान व्यवसायी कृषि उत्पादन केन्द बाख्रा पकेट विकास कार्यक्रममार्फत ५० प्रतिशत अनुदानमा लामकाने देवी सामुदायिक बन उपभोक्ता समितिसंगको लागत साझेदारीमा खरी बाख्रा खरिद गरी वितरण गर्ने भौचरबाट देखिन्छ । विभिन्न ३ वटा फर्महरु प्रारम्भ एग्रो कम्पनी प्रा लि बाट ४९ वटा, मण्डली एकीकृत कृषि फर्मबाट ४८ वटा र संयोग एकीकृत कृषि फर्म बाट ४३ वटा गरी कुल १४० वटा खरी बाख्रा रु१०००० का दरले खरिद गरी खर्च लेखांकन गरेको छ । यसरी विभिन्न फर्महरुबाट १४० वटा खरी बाख्रा खरिद गरेकोमा उक्त फर्महरु सम्बन्धित पशु कार्यालयबाट ईजाजतपत्र प्राप्त फर्म हुन की होईनन वा ति बाख्रा सम्बन्धित फर्मबाट नै उत्पादित हुन वा होईनन् भन्ने सम्बन्धमा एकीन हुन सकीएन । साथै खरिद गरिएका बाख्राहरु पशु प्राविधिकबाट खरी बाख्रा नै हुन भन्ने पुष्ट्याई कागजात संलग्न नरहेकोले सो सम्बन्धमा एकीन हुन सकिएन । अतः प्रमाणित कागज संलग्न नरहेकोले प्रमाण पेश हुनुपर्ने रु १४,००,००० । | १,४००,००० |
| २९ | | | **स्प्रेयर मेसिन :** | १६,२२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार विल भरपाईको औचित्यको आधारमा लेखा राखुपर्दछ । पालिकाले गो भौ नं १९१ मिति २०७९।३।२१ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको साना किसान कृषि सहकारी लिमिटेड संगको ५० प्रतिशत लागत साझेदारीमा ३५० घरधुरी प्रभावित हुनेगरी मकै उत्पादन पकेट कार्यक्रम सञ्चालन गरी रु ७,७०,०१७.०० भुक्तानी गरेको छ। संस्थाले १८ वटा two in one sprayer मेसिन रु. २,७०४.०० का दरले खरिद गरी भ्याट बाहेकको मूल्य रु. ४८,६७२.०० भुक्तानी गरेकोमा १२ वटाको मात्र वितरण भरपाई संलग्न राखेको पाईयो । यसरी बाँकी ६ को वितरण भरपाईको प्रमाण पेश नभएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु... | |
| ३० | | | **न्यायीक समिति :** नेपालको संविधानको धारा २१७ मा प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने र न्यायिक समितिमा गाउँसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहने उल्लेख रहेको छ । बाग्मती प्रदेश अन्तर्गत स्थानीय तहका सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ पहिलो संशोधन समेतको दफा ४क मा अनुसुची १ ग मा उल्लेख भए बमोजिम न्यायिक समिति संयोजकले र सदस्यले बैठक भत्ता पाउने उल्लेख छ तर गो भौ नं ३५२ मा २०७८।१२।२२ बाट न्यायिक समिति सदस्य बाहिरको सदस्यलाई १५ वटा बैठकमा उपस्थित भएवापतको प्रति बैठक रु. १००० का दरले रु.१५००० भत्ता भुक्तानी दिएको नियमसंगत देखिएन । | |
| ३१ | | | **अनियमितता :** यस गाँउपालिका अन्तरगतका तिन वटा विद्यालयहरु सत्यवादी माध्यमिक विद्यालय कालि माध्यमिक विद्यालय सुन्दरमाध्यमिक विद्यालय गरी तिन वटा विद्यालयका प्रत्येक विद्यालय १ जनाका दरले ३ जनाको करारको शिक्षक छनोट गर्न खाजा खर्च वापत कमल रेष्टुरेण्टलाई रु १३३४३५ र प्रत्येक विद्यालयमा ३ वटा बैठकका दरले ४९ जनाको जम्मा रु ४९००० खर्च गरी विज्ञ नियुक्ति पारिश्रमिक लगायतका कार्यहरु बाहेकका जम्मा रु १८२४३५ खर्च गरेको देखिएकोलेउक्त परिक्षामा संलग्न परिक्षाहरुले बुझाएको दस्तुर भन्दा बढी रकम खर्च गर्न मनासिव नदेखएकोले बढी बराबरको रकम असुल गर्नुपर्ने रु | १८२,४३५ |
| ३२ | | | **पेश्की बाँकी :** | ९८९,४५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (२) मा सरकारी कामकाजको लागि लिएको पेश्की १५ दिन भित्रमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था गरिएको छ भने सोहि नियमावालीको नियम ५२ मा सरकारी कामकाजको लागि दिएको पेश्की सोही आ.व.मा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले पेश्की लिने पक्षको आवश्यक विवरण उल्लेख गरि पेश्की बाँकीको विवरण प्रमाणित गरि राख्नुपर्ने व्यवस्था छ । पालिकाको विभिन्न कार्यक्रमको लागि लिएको पेश्की समयमा फछ्र्यौट गरेको देखिएन ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>पेश्की लिने व्यक्ति फर्म वा कम्पनी नाम</th><th>पेश्की (रु)</th></tr>
<tr><td>१</td><td>एस एस एन कन्स्ट्रक्सन प्रा. लि.</td><td>७०००००</td></tr>
<tr><td>२</td><td>मैदि ग्रामिण विद्युत सहकारी संस्था लि.</td><td>२८९४५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९८९४५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>कन्टिन्जेन्सी : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यमा प्रत्यक्ष संलग्न कार्यमा २ प्रतिशत वर्कचार्जस्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च गर्नेगरी लागत अनुमान तयार गर्ने व्यवस्था छ ।नमुनाको आधारमा छनौट गरी परीक्षण गरेको मध्ये पालिकाले विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा कट्टा गरिराखेको कन्टिन्जेन्सी रकमबाट देहाय अनुसार रु. ५०,३८,५६०.०० खर्च गरेको छ । कन्टिन्जेन्सी कट्टी रकम सम्बन्धित योजनामा मात्र खर्च गर्न सकिनेमा उपभोक्ता समिति मार्फत भएको कार्यको कन्टीन्जेन्सीबाट मर्मत तथा निर्माणको कन्टिन्जेन्सीबाट सालको टपरी निर्माण मेसिन तथा सि सि टेलिभिजनका साथै खप्ने प्रकृतिका कार्यालय सामान खरिद गरेको देखिन्छ । सुविधाका आधारमा भन्दा नियमावलीको आशय अनुरुप कन्टीन्जेन्सी खर्च गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th>भौ न</th><th>मिति</th><th>विवरण</th><th>सप्लायर्शको नाम</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>९</td><td>०७८।६।२१</td><td>फर्निचर फिक्सचर्श</td><td>जश ओभरशिज</td><td>१९५००</td></tr>
<tr><td>१०</td><td>०७८।६।२१</td><td>खानेपानी तथा सिंचाई पाइप</td><td>मुक्तिनाग सप्लायर्श</td><td>५७९५१</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>०७८।६।२१</td><td>सि सि टि भि खरिद</td><td>सु समर्पण कम्फ्यूटर एण्ड मोवाइल सप</td><td>९७४००</td></tr>
<tr><td>२३</td><td>०७८।७।१२</td><td>ग्याबियन जालि खरिद</td><td>मर्शि इन्टरप्राइजेज</td><td>१४२३७१७</td></tr>
<tr><td>६९</td><td>०७८।९।१३</td><td>सि सि टि भि खरिद</td><td>धादिङ्ग उर्जा प्रा लि</td><td>१३५६००</td></tr>
<tr><td>६६</td><td>०७८।९।११</td><td>सालको पातको टपरी उत्पादन मेसिन</td><td>चण्डेश्वरी इन्टरनेशनल</td><td>१७९९५२</td></tr>
<tr><td>३७४</td><td>०७९।३।२४</td><td>फर्निचर फिक्सचर्श</td><td>निलकण्ठ फर्निचर एण्ड सप्लायर्श</td><td>१६५९९६०</td></tr>
<tr><td>१८८</td><td>०७८।१२।७</td><td>डेल कम्प्यूटर</td><td>सु समर्पण कम्फ्यूटर एण्ड मोवाइल सप</td><td>१४६४४८०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>५०३८५६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
सडक मर्मत : पालिकाले वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गरी गाउँ परीषदबाट स्वीकृत भए अनुसार योजना कार्यान्वयन गर्ने अशल अभ्यास रही आएको छ । स्थानीय आवश्यकताका आधारमा योजान छनौट गरी स्विकृत भए अनुसार कार्यान्वयन गर्नुपर्नेमा पूजिगत बजेट शिर्षकबाट देहाय अनुसार मर्मत कार्यमा खर्च गर्दा बजेट अनुमान तथा रकम व्यवस्थापन गरी प्रतिस्पर्धि विधिबाट खर्च गरेको देखिएन । स साना टुक्रा गरी सडक मर्मतमा गरेको खर्च वजेटको निर्धारित प्रकृया भन्दा बाहिरबाट भएको देखियो । खर्चको बजेटरी नियन्त्रण नभएको साथै बर्षाको समयमा भएको मर्मत कार्यको स्थलगत भेरिफिकेशन हुन सक्ने देखिएन । यस्ता कार्य बजेट प्रकृया भित्रबाट गराई वास्तविक मर्मत कार्यमा खर्च भएको आश्वस्त भएपछि खर्च लेख्नेगरी प्रणाली सुदृढिकरण गरी वित्तिय अनुशासन कायम गर्नुपर्ने देखिन्छ । केही उदाहारण देहायमा उल्लेख छ ।
<table>
<tr><td>भौ नं</td><td>मिति</td><td>कार्य</td><td></td><td>भुक्तानी रु.</td></tr>
<tr><td>२६</td><td>२०७८।७।१८</td><td>दशौ बाटो मर्मत व्यकहो लोडर मार्फत</td><td>कमल कन्स्ट्रक्शन एण्ड सप्लायर्श प्रा लि</td><td>४८८९९९</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २९ | ०७८।७।१७ | दशौ बाटो मर्मत व्यकहो लोडर मार्फत | कमल कन्स्ट्रक्शन एण्ड सप्लायर्श प्रा लि | १९६३९४० |
| ५१ | ०७८।८।२७ | वैरनी अर्चले तारनलाङ ठाँटी सडक मर्मत | एन आर एन ट्रान्सपोर्ट प्रा लि रायटार | ३२००० |
| ४८ | ०७८।८।२६ | वैरनी अर्चले तारनलाङ ठाँटी सडक मर्मत | सडक मर्मत उपभोक्ता समिति | १४५५०४० |
| ५९ | ०७८।८।२९ | धारापानी माथिल्लो भेडावारी सडक | कमल कन्स्ट्रक्शन एण्ड सप्लायर्श प्रा लि | ९७००० |
| ७४ | ०७८।९।१४ | दशौ बाटो मर्मत व्यकहो लोडर मार्फत सवै वडा | कमल कन्स्ट्रक्शन एण्ड सप्लायर्श प्रा लि | ४८२९६२ |
| ७२ | ०७८।९।१४ | दशौ बाटो मर्मत व्यकहो लोडर मार्फत सवै वडा | कमल कन्स्ट्रक्शन एण्ड सप्लायर्श प्रा लि | ४२७४०० |
| ६८ | ०७९।९।१२ | दशौ बाटो मर्मत व्यकहो लोडर मार्फत सवै वडा | युनिका डेभलपमेण्ट कन्स्ट्रक्शन एण्ड सप्लायर्श | ९९४४० |
| ८८ | ०७८।९।२९ | दशौ बाटो मर्मत व्यकहो लोडर मार्फत सवै वडा | एस एस कन्स्ट्रक्शन | ४९९००० |
| ८२ | ०७८।९।२१ | दशौ बाटो मर्मत व्यकहो लोडर मार्फत सवै वडा | कमल कन्स्ट्रक्शन एण्ड सप्लायर्श प्रा लि | १५८२०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१०२</td><td>०७८।१०।११</td><td>आरुघाट सडक मर्मत</td><td>आरुघाट सडक मर्मत उपभोक्ता समिति</td><td>३८८०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>६०९१९८१</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>आईसोलेसन सेन्टर : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा बोलपत्रको माध्यमबाट खरिद गर्ने सम्बन्धि कार्य छ । पालिकाले वार्ड न ४ मा आईसोलेसन सेन्टर निर्माण रु. ४९,९९ हजारको लागत अनुमान तयार गरी आह्वान गरेको ठेक्का स्वीकृत भई कार्य गराएको छ । एउटै प्यकेजमा गर्न सकिने कार्य एकै बोलपत्रमा समावेश नगरी कार्यपालिकाको २०७८।४।१० को बैठकबाट निर्णय गरी संरक्षण वाल र प्राविधिक ईष्टिमेटमा छुट भएको अन्य कार्य गर्न रु. ९,५७,२६८.०० को लागत अनुमान तयार गरी ठेक्का माध्यमबाट छनोट भएको निर्माण व्यवशायी सँगै निर्माण कार्य सम्झौता गरी कार्य सम्पन्न भएको आधारमा गो. भौ. न. ३२२।०७९।३।६ बाट भुक्तानी गरेको पाईयो । सुरु ठेक्का लागत अनुमान भन्दा ४० प्रतिसत घटी कार्य गरेको निर्माण व्यवसायीलाई सोही संरचनामा थप कार्य गर्न विना प्रतिश्पर्धा छनोट गरी भुक्तानी गर्दा साविकको ठेक्कामा घटेको दरमा कार्य गर्न दर नेगोशिएसन गरेको देखएन । एकै कार्य दुई फरक फरक टुक्रामा विभाजन गरी एकै निर्माण व्यवशायीबाट गराउदा रेट नेगोसिएसन नगरेका कारण सुरु कार्यमा घटेको ४० प्रतिसत आधारमा विष्लेषण गर्दा पालिकालाई रु. ३,८२,९१४.०० अतिरिक्त व्ययभार परेको पाईयो । एकै स्थानको समान कार्य एउटै निर्माण व्यवशायी बाट गराउदा निर्माण व्यवशायीलाई लाभ पुग्नेगरी निर्माण गराई भुक्तानी गरेको नियमित देखिएन । समान कार्य एकै निर्माण व्यवशायीबाट गराउदा सम्झौता मार्फत दर निर्धारण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ ।</td><td>९५७,२६८</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>उपकरण खरिद : गाउकार्यपालिकाले स्विकृत गरेको वार्षिक कार्यक्रम अनुसार कार्यालयले कृषि क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । पालिकाले देहाय अनुसार ३२ कृषकलाई कृषकको ५० प्रतिशत योगदान हुनेगरी रु. ४२,०००.०० का दरले कम्वाइण्ड राइस मिल उपलव्ध गराए वापत सिलवन्दि दरभाउपत्रको माध्यमबाट छनौट भएको प्रारम्भ एग्रो कम्पनि लि. लाई रु. १३,४४,०००.०० र रु. ६,३००.०० का दरदे २११ कृषकलाई विद्युतिय न्यापस्याक स्प्रेयर वितरण कार्यक्रमको सामाग्री उपलव्ध गराए वापत गणपति एग्रिकल्चर प्रा. लि. लाई रु. १३,२९,२११.०० भुक्तानी दिएको छ । कृषि शाखाको स्वीकृत कार्यक्रम अनुसार गत विगतमा समेत यस किसिमको सामाग्री उपलव्ध गराउदै</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आएकोमा उपयोगको अवस्था र यसबाट परेको प्रभाव विश्लेषण भएको देखिएन । वर्षेनी समान किसिमको अनुदान मार्फत सामाग्री वितरण गर्दै जाने र प्रभाव पक्षको विश्लेषण नगरेकोले कार्यक्रमको प्रभावकारीता यकिन भएन ।
<table>
<tr><th>गो भौ नं</th><th>मिति</th><th>विवरण</th><th>आपूर्तिकर्ता</th><th>भुक्तानी</th></tr>
<tr><td>११८</td><td>२०७८।१०।२४</td><td>कम्वाइण्ड राइस मिल</td><td>प्रारम्भ एग्रो कम्पनी प्रा लि</td><td>१३४४०००</td></tr>
<tr><td>१७६</td><td>२०७८।१२।१</td><td>विद्युतिय न्यापस्या स्प्रेयर</td><td>गणपति एग्रिकल्चर प्रा लि</td><td>१३२९३००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२६७३३००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>डोर हाजिरी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा नियम १०(७) अनुसारको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराउने सम्वन्धि व्यवस्था छ ।निर्माण कार्यको लागत अनुमानमा निर्माणका लागि आवश्यक पर्ने विभिन्न आइटमको परिमाण र दररेट सहितको कुल लागत उल्लेख गर्नुपर्ने व्यवस्था छ ।यसमा उपभोक्ता समिति र कार्यालयले व्यहोर्ने रकम तथा श्रमदानको अंश किटान गरेको हुन्छ । निर्माण सामाग्री अनिवार्य चाहिने योजनामा समेत पालिकाले पनि डोर हाजिर मात्र संलग्न गरी भुक्तानी गरेको पाइयो । निर्माण सामाग्री सहितको नापी तयार नगरी योजनाको लागत वरावरको डोर हाजिरी संलग्न गरी भुक्तानी दिएकोमा निर्माण स्थलमा वास्तवमा कार्य भएको यकिन भएन । लागत अनुमान अनुसारको निर्माण सम्पन्न प्रतिवेदन तयार गरेर मात्र भुक्तानी फरफारक गर्नु पर्दछ । केही उदाहरण देहायमा उल्लेख छ ।
<table>
<tr><th>सि.न</th><th>कार्यक्रम</th><th>गो.भौ नं</th><th>जम्मा रकम</th><th>डोर हाजिरको भुक्तानी</th></tr>
<tr><td>१</td><td>बैरेनी पिपलनलानङ ठाँटी कमलाबारी सडक</td><td>७०</td><td>५६५६५२</td><td>४८५०००</td></tr>
<tr><td>२</td><td>कमलबारी ईटापानीछाप वाल बाटो प्लाष्टर योजना</td><td>७५</td><td>५६५६५२</td><td>४७८७०५</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>आदमटार अमिलछाप मालडाँडा सडक बाट बेलटार रेग्मी गाउँसडक निर्माण</td><td>४०</td><td>६३०००</td><td>६३०००</td></tr>
<tr><td>४</td><td>भेडा बारी सिम्लेखेत कृषि सडक निर्माण उपभोक्ता समिति</td><td>४१</td><td>४८,५००</td><td>४८,५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>सक्कल नभएको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यबस्था रहेको छ ।हात्तिसुँढा महादेवस्थान सडकको डि पि आर तयार पार्न रु. ९,९७,०५७.९१ मा ग्रिनटेक कन्सल्टेन्ट प्रा.ली सँग सम्झौता भएको देखिन्छ । गा.पा. चालु को गो.भौ.नं. ६१२ बाट फोटोकपी विजक नं ००२ बाट मिति २०७९।३।२४ मा रु. ७,५६,४७२.०० भुक्तानी गएको देखिन्छ ।उक्त खर्च प्रमाणीत गर्ने काजगत, कर समायोजन प्रमाणपत्र तथा सक्कत विल सहितको श्रेष्ता पेश हुनुपर्ने रु...</td><td>७५६,४७२</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>ठेक्का व्यवस्थापन : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । नगरपालिकाले वोलपत्रको सूचना प्रकाशित गरी स्वीकृत भएको ठेक्कामा वोलपत्रदाताले लागत अनुमानको तुलनामा १० प्रतिशत देखि ५७ प्रतिशत सम्म घटिमा काम गर्ने गरी ठेक्का कवुल गरेको देखिन्छ ।उदाहरणका लागि केही ठेक्काका विवरण देहायमा उल्लेख छ ।लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटिमा काम गर्ने गरी गराएको कार्यमा सामाग्रीको निर्धारित गुणस्तर र परीमाणमा कार्य भएको सम्वन्धमा यकिन हुने देखिएन ।नगरपालिकामा उपभोक्ता समिति, दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन, निरिक्षण र गुणस्तर निर्धाण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ ।यसबाट निर्माण कार्य निर्धारित गुणस्तर र परिमाणमा भएको यकिन गर्न सक्ने देखिएन।यस्तो कार्यमा सुधार गर्ने गरी ठेक्का व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>क्र सं</th><th>विवरण</th><th>निर्माण व्यवसायीको नाम</th><th>लागत अनुमान</th><th>ठेक्का रकम</th><th>घटी प्रतिशत</th></tr>
<tr><td>१</td><td>कोल्ड स्टोर तथा तरकारी संकलन केन्द्र</td><td>आर एण्ड सि एस नेजुरल जे भि</td><td>२४८९९</td><td>१५२५१</td><td>३९</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २ | आइसोलेशन केन्द्र निर्माण | साइराम कन्स्ट्रक्शन प्रा लि | ४९९९ | ३००६ | ४० | |
| | | | ३ | पिपलटार भालडाँडा नवलपुर सडक | दुर्गा भवानी निर्माण सेवा प्रा लि | १५००० | ७७०९ | ४९ | |
| | | | ४ | बुङचुङ आरुवास भेडावारी सडक | कमल कन्स्ट्रक्शन एण्ड सप्लायर्श प्रा लि | १९९९८ | ९७२० | ५१ | |
| | | | ५ | बैरेनी पिपल नलाङ ठाटी सडक | जोगिमारा कन्स्ट्रक्शन एण्ड सप्लायर्श प्रा लि | १९९९८ | ८५०१ | ५७ | |
| | | | ६ | भलडाँडा खानेपानी योजना | वि एण्ड वि निर्माण सेवा निलकण्ठ | ६००० | ३६४४ | ३९ | |
| | | | ७ | पिपलटार भौंसे सुबैलावजार सडक | दुर्गा भवानी निर्माण सेवा प्रा लि | ३९९३ | २६५७ | ३३ | |
| | | | ८ | परेवाटार कम्पुरभन्ज्याङ्ग सडक | दिव्य ज्योति कमल जे भि | २७७९८ | १४०३३ | ५० | |
| | | | ९ | अप्रि नलाङ खानेपानी योजना | एस एस कन्स्ट्रक्शन | ७५०० | ६७२८ | १० | |
| | | | १० | वडा कार्यालय देखि महाकाली मा वि सडक स्तरोन्नति | रुद्रेश्वर कन्स्ट्रक्शन कन्स्ट्रक्शन | २२९९ | १५३१ | ३३ | |
| | | | ११ | अरुवासटार दारिमटार खानेपानी योजना | एन एस एन कन्स्ट्रक्शन प्रा लि | ६००२ | ३९९४ | ३३ | |
| ४० | | | **जरे आदमटार सडक :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा खरिद सम्वन्धि सबै काम एउटै सम्झौताबाट हुन सक्ने अवस्थामा निर्माण कार्यको एकमुष्ट लागत अनुमान तयार गरी उपयुक्त खरिद विधि छनौट गरी खरिद गर्ने सम्वन्धि व्यवस्था छ । पालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको लागत अनुमान रु. १,०२,१०,२३३.६२ को जरे आदमटार सडक निर्माण गर्न रुद्रेश्वर कन्स्ट्रक्सन प्रा.लि बोलपत्र स्विकृत भई निर्माणकार्य सम्झौता भएको देखिन्छ । सो कार्यमा २०७९।३।१५ मा अन्तिम विल भुक्तानी गरी ठेक्का फरफारक भएको छ । निर्माण कार्यको लागत अनुमानको | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | चरणमा अनुमान गर्न सकिने आइटम एउटै प्याकेजमा समावेश नगरी २०७९।३।१ मा पुन सोही क्षेत्रको भालडाँडा सडक खण्डको अमनखोलामा ग्याविन जालि र ह्युम पाइप थप गर्न टुक्रे लागत अनुमान तयर गरी लागत अनुमानकै दरमा सोही निर्माण व्यवसायी मार्फत कार्य गराई रु. ९,८२,२४४.१४ भुक्तानी भएको छ । शुरु ठेक्कामा घटेको कार्यको निर्माण क्षेत्रमा पुनः सोही निर्माण व्यवसायी मार्फत पूर्ण दरमा कार्य गराउदा शुरु ठेक्काको भन्दा अतिरिक्त व्ययभार परेको देखिन्छ । निर्माणाधिन सडक खण्डमा एकै निर्माण व्यवसायी मार्फत दर नेगोशिएसन नगरी अतिरिक्त व्ययभार पर्ने गरी कार्य गराई भुक्तानी दिएको नियमित देखिएन । निर्माण व्यवसायीलाई लाभ पुग्ने गरी एकै निर्माण क्षेत्रमा दर नेगोशिएसन नगरी टुक्रा गरी कार्य गराउने पद्दतिमा नियन्त्रण गर्नुपर्ने देखिन्छ । | |
| ४१ | | | **परेवाटार कम्पुरभञ्याङ सडक** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा बोलपत्रको माध्यमबाट नियम १० (७) अनुसारको लागत अनुमानको आधारमा खरिद गर्ने सम्बन्धि व्षवस्था छ । परेवाटार कम्पुरभञ्याङ सडक निर्माणका लागी रु.२,७७,९८ हजारको लागत अनुमानको कार्य ५० प्रतिसत घटि कबोल गर्ने दिव्यज्योती कमल जे.भि. सँग रु. १,४०,३३ हजारको खरिद सम्झौता गरी कार्य गराएको छ । उक्त कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यको कम्पोनेन्ट, प्लम्ब र भुटेको बालुवा सिल गर्ने कार्य समावेश गरेको छैन । सडक निर्माण कार्य सम्पन्न भईसकेपछी एकै पटक निर्माण गर्नुपर्ने कार्य फरक टुक्रे लागत अनुमान तयार गरी छुट्टै निर्माण व्यवसायी जे. एम निर्माण सेवा मार्फत थप कार्य गराई गो. भौ. न. ७७।२०८९।९। १८ बाट रु. ४,८५,५७१.०० भुक्तानी गरेको छ । सुरु ठेक्का कार्यको सँगसँगै निर्माण कार्य टुक्रा गरी पूर्ण दरमा सोही निर्माण कम्पनीलाई फाईदा पुग्न गरी जे. भि.को सहकार्यको निर्माण सेवाबाट कार्य गराउदा दर नेगोसिएसन गरी कार्य नगरएको कारण पालिकालाई ठुलो ठेक्का घटे अनुसार रु २,८२,७८५ अतिरिक्त व्ययभार परेको देखिन्छ । सबै आईटम समावेश गरी पुर्ण रुपको लागत अनुमान तयार नगरी फरक किसिमबाट अतिरिक्त व्ययभार पर्नेगरी टुक्रे कार्य गराई भुक्तानी दिएको नियमित देखिएन । | ४८५,५७१ |
| ४२ | | | **विद्युत विस्तार** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई तथा प्रमाण कागजात संलग्न गरी खर्च लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिका क्षेत्रमा विद्युत विस्तार गर्न गो भौ नं १००।२०७८।१०।५ बाट नेपाल विद्युत प्राधिकरणलाई पेश भएको लागत अनुमानका आधारमा रु. ७२,००,०००.०० विद्युत विस्तार वापतको रकम उपलव्ध गराएको छ । बजेट खर्च कायम गरी उपलव्ध गराएको | ७,२००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रकमको खर्चका सम्वन्धमा प्रमाण कागजात उपलव्ध भएन । उक्त रकमबाट भएको कार्यको सम्वन्धमा जडान तथा नापीका सथै प्रयोग अवस्थाको प्रमाण पेश हुनुपर्दछ । रु...</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>परामर्श खरिद :सार्वजनिक खरिद नियमावली, २०६४ कोनियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । नमुनाका आधारमा छनौट गरी परीक्षण गरेको खर्च भौचर मध्ये पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझौ खरिद गरी रु. १९,८८,२३५.०० खर्च लेखेको छ। गत वर्ष समेत विस्तृत परीयोजना प्रतिवेदन तयार भई प्रदेश सरकारको बजेटबाट रु. १५ लाखको योजना समेत कार्यान्वयन भइसकेको सिद्दलेक ढेवालेक पर्यटन क्षेत्र र गत वर्ष डि पि आर भई रु. २ करोड वजेट व्यवस्था भइसकेको अमिलिछाप भालकाँडा सडकमा यो वर्ष समेत डि पि आरमा खर्च गरेको देखिएकोले सार्वजनिक श्रोत खर्चमा मितव्ययिता कायम भएको देखिएन । एक पटक डि पि आर तयार गरी कार्य भइसकेपछि पुनः वर्षै पिच्छे यसै प्रयोजनमा खर्च गर्ने परिपाटी नियन्त्रण गर्नु पर्दछ ।
<table>
<tr><th>भौ न</th><th>मिति</th><th>विवरण</th><th>भुक्तानी लिने</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>२३०</td><td>२०७८।१२।२९</td><td>सिद्दलेख ढेवालेक पर्यटनक्षेत्र डि पि आर</td><td>इन्फोटेक डजाइनर्श एण्ड विल्डर्श प्रा लि</td><td>९९३८३५</td></tr>
<tr><td>२२८</td><td>२०७८।१२।२९</td><td>अमिलिछाप भालडाँडा सडक डि पि आर</td><td>ग्रिन टेक कन्सल्टेन्ट प्रा लि</td><td>९९४४००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>१९८८२३५</td></tr>
</table></td><td>१,९८८,२३५</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>उपभोक्ता समिति :<br><br>उपभोक्ता समिति मार्फतको कार्यको सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४.१</td><td></td><td></td><td>सार्वजनिकखरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले जटिल प्रविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।केही उदाहारण देहायमा उल्लेख छ ।
<table>
<tr><th>क्र.सं</th><th>योजनाको नाम</th><th>सम्पन्न काम</th></tr>
<tr><td>१</td><td>ईर्जु डिपवोरिङ खानेपानी</td><td>६०,१२,०९०.१६</td></tr>
<tr><td>२</td><td>कुटीडाँडा डिपवोरिङ</td><td>४८,७४,३९८.९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>यस गाउँपालिकाको आ.व. २०७८।७९ मा उपभोक्ता समितबाट संचालित विविन्न योजनाहरुको लेखा परिक्षण गर्दासार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही सामुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपन अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारको सृजना गर्ने र लाभग्राही सामुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही सामुदायबाट तोकिए बमोजिमको कार्यविधि पूरा गरि त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने भन्ने व्यवस्था भएकोमा उक्त विषय स्पष्ट नगरेको र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ विपरित जटिल प्रविधिक पक्ष समावेश हुने कार्य समेत उ.स. मार्फत गराउने, सार्वजनिक सुनुवाई तथा अनुगमन फारमका विवरण पूर्ण रुपमा नभरिएको, त्यसै नियमावलीको नियम १२५ (२) अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने, नियम ११५ (१) अनुसार गुणस्तर परिक्षण गर्ने गराउने नपाइएकोले सो कार्यमा कार्यालयले ऐन नियममा व्यवस्था भए बमोजिमको कार्य गर्न गराउने गर्नुपर्दछ । केही उदाहारण देहायमा उल्लेख छ ।
<table>
<tr><th>भौ नं</th><th>मिति</th><th>कार्य</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>15</td><td>०७८।७।७</td><td>कालिका डुम्रे मेशिनरी वाल निर्माण</td><td>१७५२६५२</td></tr>
<tr><td>१६</td><td>०७८।७।७</td><td>देवराली मेसिनरी वाल</td><td>८८८९१८</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६</td><td>०७८।७।७</td><td>खानीगाउँ कालिका मेशिनरी वाल</td><td>१२५६६५०</td></tr>
<tr><td>३४</td><td>०७८।८।८</td><td>कुटिडाँडा डिपबोरिङ्ग खानेपानी</td><td>४८७४३८९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर,रोलर, ग्रेड जस्ता हेभि मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभि मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले आफुले पाएको काम आफै सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायीबाट गराउन नसकिने व्यवस्था रहेको छ । गाउँपालिकाको उपभोक्ता समितिबाट गरेका विभिन्न योजनाहरुमा व्यवसायीबाट गराई भाडा र मेसिन प्रयोग गरे वापतको इन्धनको बिल पेश गरि भुक्तानी लिएको पाइयो । यसरी उपभोक्ता समितिबाट गर्ने कार्य सार्वजनिक खरिद नियमावली अनुसार गर्न गराउन तर्फ कार्यालयले विशेष ध्यान दिन आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>इक्यूपमेन्ट प्रयोग : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फतको कार्यमा न्युनतम मेशिनरी औजार प्रयोग हुने श्रममुलक कार्यलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ । पालिकाले आर. सि.सी फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको पाइयो । नमुना छनौट गरी परीक्षण गरेका मध्ये ५० देखी ९७ प्रतिशत सम्मको कार्य मेशिन तथा हेभि इक्युपमेन्ट प्रयोग गरी उपभोक्ता समित मार्फत गराएको छ । यस्ता कार्य बोलपत्रको माध्यमबाट प्रतिस्पर्धी रुपमा गराउन उपयुक्त हुने देखिन्छ । केही उदाहारण देहायमा उल्लेख छ ।
<table>
<tr><th>सि.नं</th><th>उपभोक्ता समिति</th><th>जम्मा लागत</th><th>मेशिन प्रयोग</th><th>प्रतिशत</th></tr>
<tr><td>१</td><td>भगवती कृषि सडक उपभोक्ता समिति</td><td>१४४०५३</td><td>१२८६८४</td><td>८९</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>कालिदह रैजले सडक मर्मत उपभोक्ता</td><td>१४५५००</td><td>५८४७७</td><td>४०</td></tr>
<tr><td>३</td><td>हात्तिसुँडा सडक स्तरनोन्नती उपभोक्ता समिति</td><td>१८५०००</td><td>१०४४००</td><td>५६</td></tr>
<tr><td>४</td><td>खिर्रेडाँडा छत्तिवन खर्क बेनिदोभान सडक मर्मत उपभोक्ता</td><td>१८६५३५</td><td>१८०८००</td><td>९७</td></tr>
<tr><td>५</td><td>खेलकुद मैदान तोलाङी २</td><td>१८६५९४</td><td>१२६५५९</td><td>६८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>सहभागी, प्रशिक्षक र यातायात भत्ता : सहभागी, प्रशिक्षक र यातायात भत्ता प्रदान गर्दा अर्थ मन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका २०७५ को आठौं संशोधनको बुँदा नं ७ अनुसार कार्यक्रम संचालन गरि चालु खर्चमा मितव्ययी कायम गर्नुपर्नेमा कार्यालयको विभिन्न कार्यक्रमहरु उक्त निर्देशिका भन्दा बढि दरमा संचालन गरिएको देखिन्छ । तसर्थ कार्यालयले कार्यसंचालन निर्देशिका तयार गरि लागु गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>सफ्टवेयर खरिदः भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राखु पर्ने र भ्रमण पश्चात प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भुक्तानी गरेका भ्रमण सम्वन्धि कार्यको नियमावलीले तोके अनुसारको भ्रमण प्रतिवेदन र भ्रमण अभिलेख राखेको छैन । नियमको पालना हुनेगरी दैनिक भ्रमण भत्तामा खर्च गर्नु पर्ने देखिन्छ।<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले विभिन्न सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.१०,०७,६००.०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **बृहत अक्षय कोष** गाउँपालिका चालु अन्तर्गत निम्न ३ वटा स्कुललाई अक्षय कोष निर्माण गर्न भनि निकास भएको रकम लेखापरीक्षण अवधि मिति२०७९।५।२१ सम्म कार्यविधि तयार गरी व्यवस्थित गरेको पाइएन । गाउँपालिकाबाट विद्यालयमा निकास भएको अक्षयकोष संचालनको कार्कायविधि तयार नभएको साथै संरक्षण व्यवस्थाको अभिलेख पेश भएन । कर्यिविधि बनाइ कार्यान्वय गर्नुपर्ने अन्यथा निम्न स्कुलबाट असुल हुनु पर्ने रु......<br><br>विद्यालय: भुक्तानी रु.<br>सिदेश्वर मा वि: १५००००<br>कालिदेवी मा वि: १५००००<br>सत्यदेवी मा वि: १५००००<br>जम्मा: ४५००००<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष सिद्धलेक ढेवा डाँडा महोत्सवममा रु. ७५,०००.०० उत्सव, महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा गरेको उल्लेख गरी खर्च गरेको छ । नियमानुसार नहुने खर्च नियन्त्रण हुनु पर्दछ ।<br>कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तर कार्यविधि,२०७८ अनुसार बजेट कायम भएको रकमबाट वडा नं ३ बाहेक सबै वडामा अति विपन्न सुचिकरण गरि १० हजारका दरले रु ३३,९०,०००.०० भुक्तानी भएको पाइयो । उक्त भुक्तानी तथा गणनामा समावेश भएका लाभग्राही दोहोरो तथा सामाजिक भत्तामा सुचिकरण नरहेको भन्ने आधार पेश भएको छैन । नगदमा आधारित कार्यक्रम मार्फत वितरण हुने सहायताको व्यवस्थित अभिलेखिकरण गरी लाभग्राही छनौट र खर्च प्रभावकारीता समेतको पारदर्शि प्रतिवेदन कायम गर्नु पर्दछ । | ४५०,००० |
| ४९ | | | **तलबी प्रतिवेदनः** | |

Nested table within row ४८:

| विद्यालय | भुक्तानी रु. |
|---|---|
| सिदेश्वर मा वि | १५०००० |
| कालिदेवी मा वि | १५०००० |
| सत्यदेवी मा वि | १५०००० |
| जम्मा | ४५०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा शिक्षा नियमावली २०५९ अनुसार कार्यरत कर्मचारीको तलबी प्रतिवेदन पारित गरेर मात्रै तलव खर्च लेख्नुपर्ने व्यवस्था छ। निजामती, स्वास्थ्य तथा शिक्षामा गाँउपालिका अन्तर्गत विभिन्न पदमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पारित गरेको देखिएन । तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेकोमा कर्मचारीको तलव, भत्ता, ग्रेड एवं सुविधाका सम्वन्धमा यकिन भएन । अतः तलबी प्रतिवेदन पारित गरेर मात्रै खर्च लेखाङ्कन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>नपाउने सविधाः संघीय सरकारका कर्मचारीले संघीय कानुको परिधिमा रहि सेवा सुविधा पाउने प्रावधान रहेको छ । संघीय कानुन तथा प्रदेश कानुनको अवलम्बन गरेर मात्र सेवा सुविधा प्रदान गर्नु पर्नेमा गाँउपालिकाले कुनै कानुन नबनाइ वार्षिक संचार एवं थप सुविधा भनि भुक्तानी दिएको रु...</td><td>१०८,०००</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>ICT ल्यावः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ मा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/२०७९ को कृयाकलाप नं २.१५.११.७८८ मा स्थानीय निकायले पुस्तकालय नभएका विद्यालयहरुलाई ICT ल्याव तथा विज्ञान प्रयोगशाला अनुदान दिएकोमा विद्यालयबाट विल भरपाई प्राप्त गरी भुक्तानी कागजातका साथ संलग्न गरेको छैन । विल भरपाई संलग्न नगरी खर्च लेखेको सम्वन्धमा प्रमाण पेश हुनु पर्दछ । रु...<br><br>
<table>
<tr><th>गोश्वार भौचर र मिति</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>भौंनं ६५/२०७९।३।३</td><td>सिद्देश्वर मा. वि. विज्ञान प्रयोगशाला</td><td>६५००००.</td></tr>
<tr><td>भौंनं ६५/२०७९।३।३</td><td>सिद्देश्वर मावि राष्ट्रपति शैक्षिक सुधार ICT</td><td>६५००००.</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३०००००.</td></tr>
</table></td><td>१,३००,०००</td></tr>
<tr><td>५२</td><td></td><td>२०७९-५-२२</td><td>स्थानीय भत्ताः</td><td>११४,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भ्रमण खर्च नियमावली,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग अवधिभरी फिल्ड भत्ता बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । पालिकाले दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन । यस सम्वन्धमा छानविन गरी दैनिक भत्ता उपभोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नु पर्दछ। भ्रमण खर्च नियमावली, २०६४ को दफा ७(११) अनुसार नहुने गरी दोहोरो हुनेगरी भ्रमण खर्च र फिल्ड भत्ता भुक्तानी गरेको देखिएको देहाय अनुसारको व्यक्तिवाट असुल हुनु पर्ने रु.....
<table>
<tr><th>क सं</th><th>कर्मचारीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>समिता पौडेल</td><td>३००००</td></tr>
<tr><td>२</td><td>निकेत वागदास</td><td>२४०००</td></tr>
<tr><td>३</td><td>नविन पाण्डे</td><td>३६०००</td></tr>
<tr><td>४</td><td>हरि बहादुर सिल्वाल</td><td>२४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३८०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>बढी भुक्तानी रकम असुल गर्नुपर्ने; सामाजिक सुरक्षा कार्यविधी २०७७ अनुसार सामाजिक सुरक्षाको लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन देखि सामाजिक सुरक्षाको लाभग्राहोबाट हटाई सो दिन देखीको सामाजिक सुरक्षाको रकम भुक्तानी गर्न नहुने व्यवस्था छ । तर गाउपालिकाले निम्न बमोजिमका लाभग्राहीहरुको मृत्यु पश्चात पनी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी वापतको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>व्यक्तिको नाम</th><th>मृत्यु भएको मिति</th><th>भुक्तानी भएको मिति</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>मन कुमारी मगर</td><td>5/14/2078</td><td>9/30/2078</td><td>18133</td></tr>
<tr><td>गोमा कुमारी श्रेष्ठ</td><td>6/4/2078</td><td>6/30/2078</td><td>3467</td></tr>
</table></td><td>३७,०६८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>खड्गमाया योगी</td><td>5/18/2078</td><td>6/30/2078</td><td>5600</td></tr>
<tr><td>धन बहादुर मगर</td><td>12/19/2078</td><td>12/30/2078</td><td>1466</td></tr>
<tr><td>जोगमाया नेपाल</td><td>12/19/2078</td><td></td><td>5336</td></tr>
<tr><td>मित्र कुमारी खड्का</td><td>6/13/2078</td><td>6/30/2078</td><td>2266</td></tr>
<tr><td>दल बहादुर भुजेल</td><td>6/24/2078</td><td>6/30/2078</td><td>800</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>37068</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>समाजिक सुरक्षावापत कुल निकासा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकम हिसाव मिलान गरी प्रमाण पेश गर्नु पर्दछ ।
<table>
<tr><td>विषय</td><td>पहिलो किस्ता</td><td>दोस्रो किस्ता</td><td>तेस्रो किस्ता</td><td>अन्तिम किस्ता</td></tr>
<tr><td>स्रेस्ता अनुसार निकासा रकम</td><td>28548614</td><td>28744485</td><td>28881876</td><td>29162549</td></tr>
<tr><td>खातामा जम्मा गरेको रकम</td><td>28369644</td><td>28419034</td><td>28801485</td><td>28897755</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>फरक</td><td>178970</td><td>325451</td><td>80391</td><td>264794</td></tr>
<tr><td>जम्मा फरक</td><td></td><td></td><td></td><td>849606</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>
सामाजिक सुरक्षातर्फ;<br><br>
गाँउपालिकाले निम्न बमोजिमका लाभग्राहीहरुको मृत्य पश्चात पनि सामाजिक सुरक्षा खातामा जम्मा गरेकोले मृत्यु भएको मिति पछीको सामाजिक सुरक्षा वापतको रकम यथासिघ्र सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>व्यक्तको नाम</td><td>मृत्य मिति</td><td>फर्ता पठाउनुपर्ने रकम रु</td></tr>
<tr><td>डिल बहादुर श्रेष्ठ</td><td>3/6/2079</td><td>3199</td></tr>
<tr><td>खुन प्रसाद सेडाई</td><td>10/9/2078</td><td>10800</td></tr>
<tr><td>एकादत्त अर्याल</td><td>11/10/2078</td><td>6667</td></tr>
<tr><td>खिन बहादुर शाह</td><td>10/2/2078</td><td>11733</td></tr>
<tr><td>जम्मा</td><td></td><td>32399</td></tr>
</table>
</td><td>३२,३९९</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>
नदिजन्य पदार्थको संकलन तथा निकासी :<br><br>
स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११को उपदफा २ खण्ड घ (६)मा स्थानीय तहले आफ्नो स्थानीय क्षेत्रभित्रको ढुङ्गागिट्टी,वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्रकृतिक एंव खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न पाउने व्यवस्था र यस गाउँपालिकाको आर्थिक ऐन २०७७ को दफा १६ अनुसुचि१५ बमोजिम यस गाउँपालिका क्षेत्र भित्रका नदिजन्य पदार्थको संकलन तथा निकासी शुल्क वापतको रकम संकलन गर्ने उद्देश्यले ठेक्का नं IR/IFB/01/078/79 को बोलपत्र आह्वान गरेकोमा निम्नानुसारको व्यहोरा देखियो ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • प्रथम पटक मिति २०७८।४।१ गते गोरखा पत्र राष्ट्रिय दैनिकमा रु २,५६,००,०००। मा ३० दिने, २०७८।५।९ गते १५ दिने सार्वजनिक सूचना प्रकाशन गरेकोमा कुनै पनि कम्पनीले सिलबन्दि दरभाउ पत्र पेश नगरेकोले २०७८ असोज ५ गतेको चौंथो कार्यपालिकाको निर्णय अनुसार IEE को प्रतिवेदन र संकलन गर्न सक्ने अवधीको आधारमा कुल रु २,१३,६१,१५८ मा नघट्ने गरि पूनः तेस्रो पटक ७ दिने सार्वनिक सूचना प्रकाशन गरेको देखियो ।<br>• तेस्रो पटकमा पनि कुनै पनि फर्म / कम्पनीले बोलपत्र पेश नगरेकोले २०७८।७।२२ गतेको ६ औं कार्यपालिकाको निर्णय अनुसार IEE को प्रतिवेदन र संकलन गर्न सक्ने अवधीको आधारमा कुल रु १,७६,५८,५५७ मा नघट्ने गरि पूनः चौंथो पटक ७ दिने सार्वजनिक सूचना प्रकाशन गरेको देखियो । उक्त अवधिमा पनि कुनै पनि फर्म / कम्पनीले बोलपत्र पेश नगरेकोले २०७८।८।२२ गतेको ७ औं कार्यपालिकाको निर्णय अनुसार IEE को प्रतिवेदन र संकलन गर्न सक्ने अवधीको आधारमा कुल रु १,५२,८५,०९५ मा नघट्ने गरि पूनः पाँचौं पटक ७ दिने सार्वजनिक सूचना प्रकाशन गरेको देखियो ।<br>• उक्त अवधिमा पनि कुनै पनि फर्म / कम्पनीले बोलपत्र पेश नगरेकोले २०७८।९।१२ गतेको ९ औं कार्यपालिकाको निर्णय अनुसार IEEको प्रतिवेदन र संकलन गर्न सक्ने अवधीको आधारमा कुल रु १,४३,३५,७१० मा नघट्ने गरि पूनः छौंटौ पटक ७ दिने सार्वजनिक सूचना प्रकाशन गरेको देखियो । उक्त अवधिमा पनि कुनै पनि फर्म / कम्पनीले बोलपत्र पेश नगरेकोले २०७८।११।१६ गतेको १३ औं कार्यपालिकाको निर्णय अनुसार IEEको प्रतिवेदन र संकलन गर्न सक्ने अवधीको आधारमा कुल रु १,००,०६,०७१ मा नघट्ने गरि पूनः सातौं पटक ७ दिने सार्वजनिक सूचना प्रकाशन गरेको देखियो ।<br>• सातौं पटक सम्म सूचना प्रकाशन गर्दा समेत कुनै पनि<br><br>फर्म / कम्पनीले बोलपत्र पेश नगरेकोले गाउँ कार्यपालिकाको मिति २०७८।१२।१ गतेको निर्णय अनुसार ठेक्का सूचना प्रकाशन नगरि अमानतबाट संकलन गर्ने निर्णय गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सातौं पटक सम्म पटक पटक ठेक्का रकम संशोधित गरि सूचना प्रकाशन गर्दा समेत ठेक्का बन्दोबस्त हुन नसकेकोले न्यून आय भएको पालिकालाई आर्थिक भार थपिएको र कतिपय विकास निर्माणको कार्य समेत हुन नसकेकोले कार्यालयले वस्तुनिष्ट तरिकाले आय अनुमान गरि ठेक्का बन्दोबस्त गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५७ | | | **रसिद आम्दानी :**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने अवस्थामा कार्यालय प्रमुखले कारण उल्लेख गरि सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाको वडाहरुले कतिपय १५ दिनमा र कतिपयले मासिक रुपमा मात्र दाखिला गर्ने गरेकोले समयमा नै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षले ध्यान दिन आवश्यक छ । गाउँपालिका क्षेत्रबाट उत्खनन् तथा निकासी हुने ढुङ्गा गिट्टी बालुवाको निकासी कर संकलन गर्न वडा नं ७ निवासी सविन मगरसंगको २०७८।९।२ गतेको सम्झौता पत्र अनुसार नीजले प्रयोग गरेको यस गाउँपालिकाको नगदि रसिदबाट कुल रकम रु. १७,४३,०४५.०० कट्टा गरेकोमा नीजले जम्मा रु. १४,६८,९६०.०० मात्र बैंक दाखिला गरेकोले दाखिला गर्नुपर्ने बाँकी रकम रु. २,७४,०८५.००असुल गरि सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने | २७४,०८५ |
| ५८ | | २०७९-५-२१ | **स्थानीय पुर्वधार तथा सेवाको शुल्क :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ खण्ड घ (२)मा स्थानीय तहले आफैले निर्माण गरेका सडकहरुमा स्थानीय पुर्वधार तथा सेवाको शुल्क निर्धारण संकलन र व्यवस्थापन गर्ने पाउने व्यवस्था र यस सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन २०७८ को दफा ७ अनुसूचि ६ (२) बमोजिम चालु आ.व. २०७८।७९ को लागी गा.पा आफैले निर्माण गरेका सडकहरुमा ठेक्का बन्दोबस्त गरेकोमा निम्न अनुसार व्यहोरा देखियो ।<br><br>• नलाङ क्लष्टर अन्तर्गत गर्ने ४ वटा सडकहरुको रु ५ लाख ५० हजार, सलाङ क्लष्टर अन्तर्गत पर्ने २ वटा सडक अन्तर्गत रु २ लाख र कुम्पुर क्लष्टर अन्तर्गत पर्ने ५ वटा सडकहरुको रु ७ लाख ५० हजार आय अनुमान गरि | ३७४,९९७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७८।४।५ गते प्रथम पटक प्रत्युस दैनिकमा १५ दिने सार्वजनिक सूचना प्रकाशन गरेकोमा एउटा मात्र फर्मको सिलबन्दि दरभाउ पत्र पेश भएकोले पूनः २०७८।४।२१ गते दोस्रो पटक सूचना प्रकाशन गरेको देखियो ।<br>• दोस्रो पटक पनि एउटा मात्र फर्म ईरोज निर्माण सेवा गजुरीले कुम्पुर क्लष्टरको लागि मात्र सिलबन्दी दरभाउ पत्र पेश गरेकोमा २०७८।५।२० गते कबोल अंक रु ७ लाख ५० हजार २ रुपैयाँको ५० प्रतिशतले हुन आउने रकम रु ३ लाख ७५ हजार ५ रुपैया गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरि रु ४ लाखको कृषि विकास बैकको बैंक जमानत पत्र संलग्न गरि बाँकी किस्ता रकम रु ३७४९९७ रुपैयाँ जेठ मसान्त भित्र बुझाउने गरि सम्झौता भएकोमा उक्त निर्माण सेवाले बाँकी किस्ता बापतको रकम रु ३ लाख ७४ हजार ९ सय ९७ रुपैयाँ असार मसान्त सम्म बैंक दाखिला नगरेकोले उक्त रकम असुल गरि बैंक दाखिला गर्नुपर्ने ।<br><br>ठेक्का नपरेका बाँकी क्लष्टरमा विभिन्न मितिमा पटक पटक सूचना प्रकाशन गर्दा पनि कुनै पनि फर्म/कम्पनिले दरभाउ पत्र पेश गरेको देखिएन । | |
| ५९ | | | **राजस्व अनुमान र अशुली :** पालिकाले तयार गरेको विवरण अनुसार पालिकाले यस वर्ष कुल ३ करोड ९ लाख ५० हजार राजश्व संकलन गर्ने लक्ष्य लिएकोमा रु १ करोड ४ लाख ७२ हजार राजश्व संकलन गरेको देखिन्छ । पालिकाले निर्धारण गरेका करका दरहरुमा पुनरावलोकन गरि दायराहरु विस्तार गरेर आन्तरिक आय वस्तुनिष्ठ तरिकाले अनुमानित गरि राजश्व असुल गर्नुपर्ने देखन्छ । | |

| क्र.सं | शीर्षक | अनुमानित आय रकम | यथार्थ रकम |
|---|---|---|---|
| 1 | एकीकृत सम्पति कर | १३००००० | १४३७४६८ |
| 2 | भुमिकर/ मालपोत | ५०००० | ४२५६४ |
| 3 | घर बहाल कर | १००००० | १७१९१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see below) | |

| | | | |
|---|---|---|---|
| 4 | बहाल बिटौरी कर | ५००००० | ० |
| 5 | पूर्वधार सेवाको उपयोगमा लाग्ने कर | ८००००० | ३७५००५ |
| 6 | व्यवसायले भुक्तानी गर्ने | ५०००० | ३१४२५० |
| 7 | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | १००००० | ३५००० |
| 8 | अन्य प्रशासनिक सेवा शुल्क | २४५०००० | ५६१२५१८ |
| 9 | दहत्तर बहत्तर शुल्क | २५६००००० | २४८४२१२ |
| | जम्मा | ३०९५०००० | १०४७२९३१ |

पालिकाले संकलन गरेको कर तथा शुल्क सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ ।

- स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्य क्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तीहरुबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष व्यवसाय कर वापत रु ३५००० मात्र असुल गरि दाखिला गरेको छ । गाउँपालिकाले आफ्नो क्षेत्र भित्र हरेका व्यवसायहरुको अभिलेख अद्यावधिक गरेको छैन । तसर्थ आफ्नो क्षेत्र भित्र रहेका सम्पुर्ण व्यवसायीहरुको विवरण अद्यावधिक गरि करको दायरा भित्र ल्याउनु पर्दछ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको व्यवसायिक विज्ञापनहरुको करका दर निर्धारण र संकलन गाउँपालिकाले गर्ने व्यवस्था भए अनुसार गाउँपालिकाले यस आ.व. मा कुनै पनि विज्ञापन कर संकलन गरेको छैन । तसर्थ गाउँपालिकाले आर्थिक ऐनमा रहेको विज्ञापनका दर अनुसार गाउँपालिका क्षेत्र भित्र रहेको विज्ञापनहरुलाई करको दायरा भित्र ल्याई कर असुल गर्नुपर्ने देखियो ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था भए अनुसार यस गाउँपालिकाले यस आ.व. मा

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १ लाख ७१ हजार ९ सय १४ रुपैयाँ असुल गरेको देखिन्छ । गाउँपालिकाले बहाल कर सम्बन्धमा घर सर्वेक्षण गरि तथ्याङ्क अद्यावधिक गरि करको दायरामा अधिवृद्धि गर्नुपर्ने देखियो ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ मा गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुहरुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिकाले जडिबुटी, कवाडि तथा जीवजन्तु कर लगाउन पाउने व्यवस्था रहेको छ । गाउँपालिकाले आर्थिक ऐन २०७८ मा उक्त शीर्षकमा करका दरहरु निर्धारण गरेता पनि कर असुल गरेको देखिएन । | |